नेपाल सरकार
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
**५ नं. प्रदेश, नेपाल**
राजापुर, बर्दिया

## भाईब्रेटिङ्ग रोलर, पानी टयाङ्कर र जेनेरेटर आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र र दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७५/०९/१९ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने भाईब्रेटिङ्ग रोलर,पानी टयाङ्कर र जेनेरेटर सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र र दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि सिलबन्दी बोलपत्रमा ३०औं र सिलबन्दी दरभाउपत्रमा १५औं दिनको ठिक १२:०० बजेसम्म बोलपत्र फारम यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म, कम्पनी वा नेपालमा रहेको आधिकारीक बिक्रेताबाट प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयबाट उपलब्ध गराइने छ र फर्म खरिदका लागि नेपाल बैक लिमिटेड, राजापुर, बर्दिया शाखामा रहेको कार्यालयको संचित खाता नं. ०२८०३०००००००४००१००१ वा नगरपालिकाको राजश्व शाखाबाट तोकिएको रकम जम्मा गरी खरिद गर्न सकिन्छ र सो भौचर बोलपत्र वा दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

३) खरिद गरिएका बोलपत्र र दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी सिलबन्दी बोलपत्रमा ३१औं र सिलबन्दी दरभाउपत्रमा १६औं दिनको ठिक १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र तथा दरभाउपत्र दर्ता गराउन सकिने छ । दर्ता हुन आएका सिलबन्दी बोलपत्र तथा दरभाउपत्र फारमहरु सोही दिनको ठिक २:०० बजेको दिन यस नगरपालिकामा नगरपालिकाको प्रतिनिधी, बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । तर बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको अनुपस्थितीमा पनि बोलपत्र र दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४) बोलपत्र तथा दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको ने.बै.लि राजापुर शाखा, बर्दियामा रहेको धरौटी खाता नं. ०२८०३००००००००३००००१ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्र तथा दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्र तथा दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र तथा दरभाउपत्रको फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

९) अन्य थप केही कुराहरु बुझ्नु परेमा राजापुर नगरपालिका कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| 03/RM/NCB/ GOODS/2075-076 | Single Drum Soil compacter (vibratory roller) As Per approved technical specification | थान १ (एक) | ३,०००/- | कम्तिमा कबोल अङ्कको २.५% | सिलबन्दी बोलपत्र |
| 04/RM/SQ/ GOODS/2075-076 | 30 KVA Genset Three phase As Per approved technical specification | थान १ (एक) | १,०००/- | कम्तिमा कबोल अङ्कको २.५% | सिलबन्दी दरभाउपत्र |
| 05/RM/NCB/ GOODS/2075-076 | 6KL Truck Mounted Water Tanker As Per approved technical specification | थान १ (एक) | ३,०००/- | कम्तिमा कबोल अङ्कको २.५% | सिलबन्दी बोलपत्र |

प्रमुख प्रशासकिय अधिकृत